apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः ११२ ● पृष्ठः ४ ● २७ वैशाख २०८३ आइतबार (10 May 2026, Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## छोटी भन्सार बन्द गर्ने निर्णयविरुद्ध आन्दोलन चर्कियो

### मधेश प्रदेशसभाका सांसदसहित स्थानीयबासी सडकमा, हुलाकी मार्ग अवरुद्ध



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २६ गते**

सिरहाको बरियारपट्टीस्थित छोटी भन्सार कार्यालय बन्द गर्ने सरकारी निर्णयविरुद्ध स्थानीयवासी, व्यापारी, विद्यार्थी तथा राजनीतिक दलका प्रतिनिधिहरू आन्दोलनमा उत्रिएका छन्। हुलाकी मार्गमा विशाल ऱ्याली, नाराबाजी तथा कोणसभा आयोजना गरिँदा आन्दोलन थप चर्किएको छ । आन्दोलनमा मधेश प्रदेशका सांसदसमेत सडकमा उत्रिएपछि विरोधले राजनीतिक रूपसमेत लिएको छ।

नेपाल सरकारले २०८३ वैशाख २१ गते राजपत्रमा सूचना प्रकाशित गर्दै बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द गर्ने निर्णय गरेको थियो । उक्त निर्णय सार्वजनिक भएसँगै सीमावर्ती क्षेत्रका स्थानीयवासी आक्रोशित बनेका हुन् । उनीहरूले भन्सार कार्यालय बन्द हुँदा सीमावर्ती व्यापार, राजस्व संकलन, स्थानीय व्यवसाय तथा आर्थिक गतिविधिमा प्रत्यक्ष असर पर्ने भन्दै आन्दोलन थालेका छन्।

आन्दोलनअन्तर्गत शुक्रबार बजार परिक्रमा गर्दै हुलाकी मार्गमा ऱ्याली निकालिएको थियो । प्रदर्शनकारीहरूले 'छोटी भन्सार फिर्ता गर', 'अर्थमन्त्री होसियार', 'हाम्रो माग पूरा गर' लगायतका नाराबाजी गरेका थिए। बरियारपट्टी चोकमा आयोजित कोणसभामा मधेश प्रदेशका सांसद एवं पूर्वमन्त्री संजय यादवले सरकारको निर्णयप्रति कडा असन्तुष्टि जनाए ।

बाँकी पृष्ठ ३ ▶▶

## सरकारले सोमबारदेखि देशभर 'मूल्य पारदर्शिता सप्ताह' अभियान सञ्चालन गर्ने

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २६ गते**




बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्ने उद्देश्यले सरकारले सोमबारदेखि देशभर विशेष अभियान सञ्चालन गर्ने भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा 'मूल्य पारदर्शिता सप्ताह' आयोजना गर्न लागिएको हो।

प्रधानमन्त्री बालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न यो अभियान सञ्चालन गर्न लागिएको बताइन्।

सप्ताहव्यापी अभियानले बजारमा हुने गलत क्रियाकलाप रोक्न कोसेढुंगा सावित हुने विश्वास लिइएको उनले बताइन् । प्रेसविज्ञ दाहालले सबै सरोकार भएका निकाय, नागरिक समाज र सञ्चारकर्मीलाई यस अभियानमा सहयोग र बजारमा हुने अनियमितताको खबरदारी गर्नसमेत आग्रह गरिन्।

**अभियानको समयसीमा र नेतृत्व**

यो विशेष अभियान सोमबारदेखि सुरु भई ३ जेठसम्म सञ्चालन हुनेछ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय र पत्राचारअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसलाई कार्यान्वयनका लागि देशभरका निकायलाई निर्देशन दिइसकेको छ।

अभियान कार्यान्वयनका लागि

बाँकी पृष्ठ ४ ▶▶

## 'मलाई होइन, अब बालेनकी श्रीमतीलाई आमा भन्नू' : सुशीला कार्कीको कटाक्ष

**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख २६ गते**



पूर्वप्रधानन्यायाधीश एवं पूर्वप्रधानमन्त्री सुशीला कार्कीले आफूलाई 'आमा' भनेर सम्बोधन गरिनु उपयुक्त नभएको भन्दै सार्वजनिक कार्यक्रममा आक्रोश व्यक्त गरेकी छन्।

संवैधानिक परिषद्ले प्रधानन्यायाधीश पदमा चौथो वरीयताका डा. मनोजकुमार शर्मालाई सिफारिस गरेपछि असन्तुष्टि जनाउँदै आएकी कार्कीले यसअघि पनि सरकारले न्यायपालिकासम्बन्धी निर्णयमा गम्भीर त्रुटि गरेको टिप्पणी गर्दै आएकी थिइन्।

उनले विशेषगरी कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ललाई सिफारिस नगर्नुलाई सरकारको गलत कदमका रूपमा व्याख्या गर्दै आएकी छन्।

यही क्रममा शनिबार काठमाडौंस्थित राष्ट्रिय सभा गृहमा आयोजित कानुन दिवस कार्यक्रममा सहभागी हुन पुगेकी कार्की कार्यक्रम सकिएपछि बाहिरिने क्रममा सञ्चारकर्मीसँग केहीबेर संवादमा देखिएकी थिइन्।

कार्यक्रमस्थलबाट बाहिरिने क्रममा सञ्चारकर्मी दिवाकर साहले उनलाई 'आमा' भनेर सम्बोधन गरेका थिए। त्यसपछि कार्कीले तत्काल प्रतिक्रिया दिँदै 'कसले आमा भनेको ?' भनेर प्रतिप्रश्न गरिन्।

साहले आफूले सम्बोधन गरेको बताएपछि कार्कीले आक्रोश मिश्रित शैलीमा भनिन्, 'तिमीहरूको आमा त फेरिइसक्यो।' लगत्तै साहले 'केही फरक पर्दैन, आमा फेरिँदैन' भन्दै प्रतिक्रिया दिएपछि कार्कीले आफूलाई नभई प्रधानमन्त्री बालेन शाहकी

बाँकी पृष्ठ ४ ▶▶

## बालेनको प्रशंसा गर्दै मुख्यमन्त्रीले भने : प्रधानन्यायाधीश सिफारिस ठिक लाग्यो

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २६ गते**



मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले प्रधानमन्त्री बालेन्द्र साह (बालेन)को प्रशंसा गरेका छन्।

कानुन दिवसको अवसरमा शनिबार जनकपुरधाममा आयोजित न्यायिक महोत्सवमा बोल्दै मुख्यमन्त्री यादवले प्रधानमन्त्री बालेनको प्रशंसा गरेका हुन्।

सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमा प्रधानमन्त्री बालेनले क्रमभन्दा माथि उठेर सक्षमतालाई ध्यानमा राख्दै प्रधानन्यायाधीश सिफारिस गरेकामा मुख्यमन्त्री यादवले प्रशंसा गरेका छन्।

उनले प्रधानमन्त्री बालेनको निर्णय देशको लागि सौभाग्यपूर्ण साबित हुने उल्लेख गरे । वर्षौंदेखि चलिआएको प्रथालाई तोड्दै प्रधानमन्त्री बालेनले गरेको सिफारिसले देशको लागि नयाँ आयाम थप्ने मुख्यमन्त्री यादवको भनाइ थियो।

त्यस्तै, मुख्यमन्त्री यादवले न्यायालयमा कार्यपालिका हावी नहुनु पर्नेमा जोड दिए । उनले कानुनको कार्यान्वयनको बिचमा राजनीतिक हस्तक्षेप हुनुनपर्ने उल्लेख गरे । यादवले उच्च अदालत जनकपुर अन्तर्गत रहेका मधेस प्रदेशका आठवटै जिल्लाका इजलाशहरुलाई निष्पक्ष रुपमा फैसला सुनाउन आग्रह गरे । उनले अपराधीलाई कारवाही होस र बेकशुरलाई

बाँकी पृष्ठ २ ▶▶




**कला जोगाऔं, संस्कृति बचाऔं ।**

- कलालाई सिर्जनशील, राष्ट्को परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं ।
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं ।
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं ।
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं ।
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं ।
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं ।
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं ।
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं ।
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं ।
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सरकारको नियत र कार्यमा सामञ्जस्यता आवश्यक



✍ **युवराज घिमिरे**

नराम्रोसँग गिजोलिएको राजनीतिक व्यवस्थापन र त्यसलाई सञ्चालन गर्ने संविधानको प्रभावकारितासँगै त्यसको सान्दर्भिकताबारे समूहगत रूपमा प्रन उठ्न थालेको छ । प्रश्न पहिले पनि उठ्ने गरेका हुन् तर शासन र सत्तालाई निजी अर्थात् व्यक्तिगत र दलीय स्वार्थमा प्रयोग गर्ने छुट पाएका 'अग्रगामी' शक्तिले त्यसलाई सुन्न चाहेनन् ।

प्रतिपक्ष संसद्मा आसनको बायाँपट्टिको स्थान ओगटेर मात्र बन्न सकिन्न । उसमा सत्ताको दम्भ, गलत नीति र कार्य, भ्रष्ट आचरण अनि प्रधानमन्त्री र मन्त्रीहरूको अर्घेल्याइँलाई स-प्रमाण आलोचना गर्ने, उनीहरूलाई सदनमा जवाफदेही बनाउने र परिआएमा उनीहरूलाई दण्डित गर्ने चरित्र र साहस पनि हुनु आवश्यक छ। तर, विगत १९ वर्षमा प्रतिपक्ष र सत्ताबीच फरक आचरण, चरित्र र पहिचान थिएन ।

मुख्य तीन दल माओवादी, कांग्रेस र एमाले अनि तीसँगै १२- बुँदेमा मतियार अन्य पाँच क्षेत्रीय दलहरूले संसद्को जुन साइडमा बसे पनि सत्ताको फाइदा लिइनै रहे । फागुन २१ को चुनावले मात्र त्यो सत्ताको विकृतिमा ब्रेक लगायो र संसद्मा सत्ता र प्रतिपक्षको भूमिका र स्थान रेखा खिचियो । तर के अब सत्तालाई प्रतिपक्षले जवाफदेही बनाउने कोसिस गर्ला ? या के सत्ताले संख्याको दम्भबाट मुक्त भएर जवाफदेहिताको सिद्धान्त मान्दै प्रतिपक्षका 'रचनात्मक' आलोचनालाई सकारात्मक रुपमा लिन सक्ला ?

राष्ट्रिय स्वतन्त्र पार्टी र वालेन्द्र शाहको सत्तारोहण ६ साता पुगेको छ । प्रधानमन्त्रीका केही गतिविधिले उनी संसद्को हैसियतलाई स्वीकार्न चाहँदैनन् भन्ने सन्देश दिएको छ । संसद्को निर्धारित अधिवेशनलाई स्थगन गरी आठ वटा अध्यादेश जारी गरियो। त्यसले पूर्ववर्ती सरकारहरू- प्रचण्ड, शेरबहादुर देउवा तथा केपी ओली मात्र होइन, संविधान मिचेर प्रधानमन्त्री बनाइएकी सुशीला कार्कीद्वारा गरिएका केही महत्त्वपूर्ण नियुक्तिलाई रद्द गरेको छ।

यो निर्णयको विश्लेषण तत्कालको कार्य र प्रभावका आधारमा मात्र गर्ने या सरकारको नियतसँगै पूर्णतया ध्रुवीकृत राजनीतिका आधारमा समग्र बहस अगाडि बढाउने ? विगत २० वर्षको 'अग्रगामी' शासनमा निषेधको राजनीतिले संस्थागत निरन्तरता पाएको छ । भारतको मध्यस्थतामा सात दल र उसले नै आतंकवादी बिल्ला लगाएर आश्रय दिएको माओवादी एक ठाउँमा आएपछि मध्यस्थताकर्ताको एजेन्डा बोक्नु स्वाभाविकै थियो तर त्यो प्रजातान्त्रिक, सार्वभौम र विधिसम्मत प्रक्रिया थिएन। फेरि पनि त्यही बाह्य हस्तक्षेप र दबाबमा 'हिन्दु अधिराज्य' नेपाललाई संघीय गणतान्त्रिक धर्मनिरपेक्ष मुलुक बनाइयो।

बालेन सरकारले संविधान संशोनका लागि अभिमत एकत्र गर्ने अभ्यास प्रारम्भ गर्दा २०७२ को संविधान, त्यसको निर्माणमा प्रयोग भएका बाह्य प्रभाव, महत्त्वपूर्ण एजेन्डामा नेपालीहरूलाई भूमिका खेल्न नदिएको अनि गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता लाद्न भएका षड्यन्त्रबारे बुझ्न अत्यन्त आवश्यक छ । त्यो नबुझी अगाडि बढेमा यो अर्थहीन अभ्यास सावित हुनेछ।

११ वैशाख ०६३ मा राजा ज्ञानेन्द्रले आफूले 'तीन वर्षका लागि' लिएको सत्ता जनदबाबसँगै भारतको मध्यस्थतामा उल्लिखित तालिकाअनुसार 'निर्णायक' आन्दोलनमा सामेल ८ दलका नेताहरूको चाहनाअनुसार गिरिजाप्रसाद कोइरालालाई सत्ता र नेतृत्व सुम्पे । विघटित संसद् (प्रतिनिधिसभा) लाई ब्युँताइयो दलहरूको चाहनामा। नेपाली जनता र राजाबीचको सम्बन्ध र सहमतिमा भाँजो हाल्न आठ दलको समूह बनाइयो।

राजसंस्थाको निरन्तरताका लागि वैशाख ११ मा दलहरू र राजाबीच सहमति भए पनि पुनःस्थापित संसद्को पहिलो बैठकमा 'आसन'ले धर्म छाड्यो। बहस नै नगरी र त्यो अवधारणालाई प्रष्टै नगरी 'नेपाल अबउप्रान्त धर्मनिरपेक्ष मुलुक हुनेछ' भन्ने घोषणा गरे सुवास नेम्वाङले र अरु षड्यन्त्रका लागि मार्गप्रशस्त गरे।

त्यसलगत्तै, राजसंस्था तथा राजालाई निलम्बन गरियो र राजाको वैशाख ११ कै घोषणाअनुरूप निर्वाचित संविधानसभाको पहिलो बैठकले मध्यरात हुन लाग्दा नेपालबाट 'राजसंस्था'अन्त्य भएको घोषणा गऱ्यो। प्रस्ताव कसले राख्यो सदनमा ? त्यो निर्वाचनमा पराजित र संसद्मा या संविधान सभामा सदस्यको हैसियतमा प्रवेश गर्न पाउने अधिकार गुमाएका कृष्णप्रसाद सिटौला (नेपाली कांग्रेस)ले।

नेपालले अनुसरण गरेको संसदीय अभ्यासमा नयाँ संसद् चुनिएपछि त्यसको कारवाही नयाँ सरकारमातहत मात्र सञ्चालन हुन्छ। तर, पहिलो संविधानसभा निर्वाचनलगत्तै अस्तित्वमा आएको संसद्ले वैधानिकता समाप्त भएको गिरिजा सरकारलाई सदनमा सरकारका रूपमा प्रस्तुत हुन दियो। सिटौलाले राजसंस्था उन्मूलन प्रस्ताव राखे गृहमन्त्रीकै हैसियतमा। संविधानको कुरा गर्दा यो संविधानको नेपालीत्व, वैधानिकता र अपनाइएको प्रक्रियाबारे अध्ययन आवश्यक हुन्छ।

नेपालमा प्रजातन्त्र र जवाफदेहिताको पाठ आमजनतालाई घोकाएर नथाक्ने प्राज्ञ, सञ्चार र नागरिक समाज अगुवाहरूले यो बेथितिलाई स्वीकार गरे, प्रजातन्त्रको र आफ्नै जित मानेर। अझ अपमानजनक, नेपालको सार्वभौम 'संसद्'ले मध्यरातमा राजसंस्था उन्मूलन गरेको घोषणालगत्तै भारतको लोकसभाका अध्यक्ष सोमनाथ चटर्जीको लिखित बधाई सन्देश हाम्रो सभामुखको 'फाइल'बाट निकालियो र वाचन गरेर सुनाइयो। के यो संविधान हाम्रो या नेपालीको हो त ?

यो प्रसंग र विगत ४० दिनमा बालेन शाह सरकारका निर्णयलाई हामीले कति पृथक र कति जोडेर हेर्ने ? आठ नेताको मनपरी या स्वेच्छाचारिता अनि उनीहरूले मध्यस्थता स्वीकार गरेको बाह्य शक्तिलाई नेपालको आन्तरिक राजनीतिमाथि हस्तक्षेपको अधिकार दिए।

कूटनीतिमा 'रेसिप्रोसिटी'ले धेरै ठूलो अर्थ राख्छ। त्यही १२- बुँदेपछि खासगरी दक्षिणी मित्रराष्ट्रका सहसचिव या त्यसमाथिका कुनै अधिकृत आउँदा उनीहरूलाई राष्ट्रपति, प्रधानमन्त्रीलगायत कसैसँग पनि भेट्ने स्वतन्त्रता दिइयो, जुन सुविधा एकतर्फी थियो। स्वाभाविक परिणिती पनि हो यो । जब आन्तरिक राजनीतिमा अरूलाई भित्र्याइन्छ।

कूटनीतिमा उच्चस्तरीय या समकक्षी भेटघाटले आपसी समस्या समाधानमा मद्दत पुऱ्याउँछ तर भारतीय अधिकृतहरूले पाएको त्यो एकतर्फी सुविधाबारे नेपाली जनतामा सकारात्मक धारणा बन्न सकेन। यसले दुई पक्षीय सम्बन्धमा थप तिक्तता उत्पन्न गऱ्यो।

अहिले भारतीय विदेश सचिव विक्रम मिश्रीको निर्धारित आगमन पछाडि सर्नुमा 'प्रोटोकल' र 'रेसिप्रोसिटी'लाई अघोषित कारण बनाइएको छ । त्यसको जरोमा राजनीतिक दलहरू जानु आवश्यक छ। स्पष्ट प्रोटोकल र भेटघाट शैली परिभाषित गर्न नेताहरू अगाडि आउन सक्नुपर्छ। नेपाल-भारतको सम्बन्धमा विश्वास र विश्वसनियता जागृत भयो व्यवहारमा भने 'प्रोटोकल'ले 'ब्याक सिट' लिन्छ नै ! तर, नेपालको आन्तरिक राजनीतिमा उसको प्रवेशपछि भारतले नेपालमा आफ्नो हैसियत र विश्वसनियता गुमाएको तथ्यलाई भारतले स्वीकार गर्नु आवश्यक छ । त्यसले गर्दा उसका प्रतिस्पर्धी विदेशी शक्तिहरूले पनि आफ्नो हैकम जमाएका छन्।

न्यायपालिकाको नेतृत्वको छनोटलाई तत्कालका हिसाबले आलोचना गर्न मिल्छ, तर कसरी न्यायाधीशहरूको छनोटमा कांग्रेस, माओवादी र एमालेले नांगो रूपमा अंशवण्डा गरेका थिए ? यो र यस्ता गतिविधि नजिर बन्दा कार्यकारी हस्तक्षेप कहिले र कुनलाई ठीक र कुनलाई बेठीक भन्ने ? दुई वटा गल्ती मिलेर एउटा सही मार्ग बन्छ भन्न मिल्दैन । तर, पहिलाको एउटा गल्तीले भविष्यमा ठूलो गल्ती गर्ने अवसरको बाटो खोल्छ नै! नजिर बनेर।

बालेन शाहले अध्यादेशबाट राज चलाएर संसद्को अवमूल्यन गरेका छन्। तर, पृष्ठभूमि नबिर्सौं। विदेशी दूतावास अनि बालुवाटारमा जम्मा हुने गरेका १२- बुँदे हस्ताक्षरकर्ता नेताहरूले संसद्लाई 'रबर स्ट्याम्प' का रूपमा प्रयोग या अवमूल्यन गरे। एक अर्थमा आज बालेन शाहले जे गरेका छन्, हिजोकै नेताहरूको पदचिह्नमा हिँडेका छन्। मुलुकलाई बाह्य हस्तक्षेपबाट बचाउन र हिजोका गल्तीहरू सच्याउन वर्तमान संविधानले मार्गप्रशस्त गर्दैन । तर, नेतृत्व वर्गमा असल नियत, अठोट र राष्ट्रको सार्वभौम तथा स्वतन्त्र हैसियतप्रति समर्पण र बफादारी रहेमा, सामूहिक रूपमा कोर्स करेक्सन गर्न सकिन्छ। फेरि पनि, त्यो एक्लाएक्लै हिँडेर सम्भव छैन। वार्ता, बहस र सहमतिमा पुग्न सकिन्छ।

०६३ को परिवर्तनपछि भएको शान्ति-सम्झौता, त्योसँग जोडिएको राजनीतिक परिवर्तन अनि विधिविहीन तरिकाले लादिएका एजेन्डालाई दलहरूले आफ्ना निजी स्वार्थका

बाँकी पृष्ठ ३ ▸▸

## सम्पादकीय...

# गुणस्तरहीन फुटपाथको नियमन गर

सिरहा सदरमुकामको मुख्य बजार करिब डेढ किलोमिटर आसपास फैलिएको छ । सिरहा सदरमुकामको विकासले कति गति लियोब? सहरको विकास केवल ठूला भवन, चौडा सडक वा रंगीन संरचनाले मात्र मापन हुँदैन। कुनै पनि सहर कति व्यवस्थित र नागरिकमैत्री छ भन्ने कुरा त्यहाँका पैदल यात्रुले कति सहज र सुरक्षित महसुस गर्छन् भन्ने आधारमा पनि मूल्याङ्कन गरिन्छ । यही उद्देश्यका साथ अहिले सिरहा नगरपालिकाभित्र मुख्य सडक क्षेत्रमा फुटपाथ निर्माण कार्य भइरहेको छ । पैदल यात्रुलाई सुरक्षित हिँडडुलको सुविधा उपलब्ध गराउने उद्देश्य सकारात्मक भएपनि निर्माणको गुणस्तरमाथि प्रश्न उठेको छ। सदरमुकाम सिरहाको मुख्य क्षेत्रमा निर्माण भइरहेका कतिपय फुटपाथ हेर्दा नै कमजोर सामग्री प्रयोग गरिएको, ढलान असन्तुलित रहेको तथा केही स्थानमा निर्माण सम्पन्न नहुँदै भत्किन थालेको छ। फुटपाथ भनेको केवल ईन्टरलक बिछ्याएर बनाइने संरचना होइन, यो दीर्घकालीन उपयोगिता र सार्वजनिक सुरक्षासँग जोडिएको पूर्वाधार हो । तर निर्माणको वर्तमान अवस्था हेर्दा काम केवल बजेट सक्ने र देखावटी विकास देखाउने शैलीमा भइरहेको अनुभूति नागरिकले गर्न थालेका छन् ।

फुटपाथ निर्माण कार्यको गुणस्तर कमजोर हुनुमा नियमित अनुगमन र प्राविधिक निगरानीको अभाव प्रमुख कारण देखिन्छ। सडक डिभिजन कार्यालय लहान सिरहाले योजना बनाउने, बजेट विनियोजन गर्ने र उद्घाटन गर्ने काम मात्र पर्याप्त हुँदैन। निर्माणको प्रत्येक चरणमा प्राविधिक परीक्षण, सामग्रीको गुणस्तर जाँच तथा जिम्मेवार निकायको निरन्तर निगरानी अनिवार्य हुन्छ। तर व्यवहारमा यस्ता पक्ष फितलो हुँदा ठेकेदार कम्पनीले मनपरी गर्ने वातावरण बन्ने गरेको छ। सार्वजनिक पूर्वाधार निर्माणमा हुने लापरवाहीको प्रत्यक्ष असर नागरिकमाथि पर्छ। कमजोर फुटपाथ केही वर्षमै भत्कियो भने पुनः मर्मतमा सिरहा नगरपालिकाले बजेट खर्च गर्नुपर्नेछ। यसले विकासलाई दिगो बनाउनुको सट्टा भ्रष्टाचार र स्रोतको दुरुपयोगलाई बढावा दिन्छ। अझ वर्षायाममा फुटपाथ भासिने, पानी जम्ने वा हिँड्नै नसकिने अवस्था आए नागरिकले सुविधा होइन, सास्ती भोग्नुपर्ने हुन्छ।

सिरहा नगरपालिकाले अहिले नै निर्माणको गुणस्तरबारे गम्भीर समीक्षा गर्न आवश्यक छ। प्राविधिक टोलीमार्फत नियमित अनुगमन, निर्माण सामग्रीको परीक्षण तथा कमजोर काम गर्ने निर्माण कम्पनीलाई कारबाही गर्ने स्पष्ट नीति लागू गरिनुपर्छ। साथै नागरिक समाज, सञ्चारमाध्यम र स्थानीय बासिन्दाको निगरानीलाई पनि प्रभावकारी बनाइनुपर्छ। सार्वजनिक करबाट बनेका संरचनामा नागरिकको चासो र प्रश्न स्वाभाविक अधिकार हो। विकासको नाममा कमजोर संरचना निर्माण गर्नु भनेको भविष्यमा थप समस्या निम्त्याउनु हो । सिरहामा निर्माण भइरहेको फुटपाथ साँच्चिकै नागरिकको सुरक्षाका लागि हो भने यसको गुणस्तरमा कुनै सम्झौता हुनु हुँदैन । दिगो, व्यवस्थित र सुरक्षित फुटपाथ निर्माण गर्नु नै वास्तविक विकास हुनुपर्छ । यसैले सिरहा नगरपालिकाले आफ्नो नगर क्षेत्रमा भैरहेको यश प्रकारको निर्माणमा नगरपालिकाको प्राविधिकहरुको नियमित निगरानी अनिवार्य र आवश्यक छ। जसले कमजोर गुणस्तरमा रोक लगाउन सकिन्छ र नगरको सौन्दर्य वढाउन सकिन्छ।

## बालेनको प्रशंसा गर्दै मुख्यमन्त्रीले ...........

सजाय नहोस भन्नेमा दृढ रह्न न्यायाधीशहरुसँग आग्रह गरे।

कानुन दिवसको अवसरमा मधेश प्रदेशका आठवटै जिल्लाका न्यायाधीस, अदालतका कर्मचारीहरुको उपस्थितिमा जनकपुरधाममा न्यायिक महोत्सवको आयोजना गरिएको छ।

आठवटा जिल्लाका १५०० भन्दा बढी अदालतमा काम गर्ने प्रत्यक्ष, अप्रत्यक्ष कर्मचारी, सर्वसाधारण, कानुन संकायका विद्यार्थीहरुको उपस्थिति छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

अपन दैनिक

## आजको राशिफल

**मेष** : नियमित खर्चसमेत बढ्ने योग छ । ताकेका काममा बाधा हुनेछ ।

**बृष** : मातापिता र अभिभावक वर्गसँग राम्रो हुनेछ। कामबाट लाभ लिन सकिने छैन, सरकारी काममा विलम्ब हुनेछ।

**मिथुन** : समय शुभ छ। रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। सानो प्रयत्नले ठूलो काम सम्पादन हुनेछ।

**कर्कट** : कामबाट लाभ हुने सम्भावना छ । लगानी गर्नु राम्रो हुन्छ । सङ्कटको सामना गर्दै उपलब्धी हासिल गर्नु पर्नेछ।

**सिंह** : समय राम्रो रहनेछ । दाम्पत्य जीवन सुखद् तथा समृद्ध बन्ने देखिन्छ।

**कन्या** : नेतृत्व लिएर काम गरेको जाति हुन्छ। पराक्रम र उत्साहमा कमी आउने छ।

**तुला** : समय राम्रो छ । पढाइमा प्रगति हुनेछ । मनमा व्यवसाय वा पेसामा परिवर्तनको धारणा पलाउन सक्छ।

**वृश्चिक** : समय मध्यम खालको रहनेछ।अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइने छ।

**धनु** : साथीसंगको भेटघाट रमाइलो हुनेछ तर झगडा पनि हुन सक्छ, सतर्क हुनुहोला ।

**मकर** : मानसिक तनावबाट मुक्त हुन कठिन छ। इष्टमित्रबाट तिरस्कृत, अपमानित हुनुपर्ने अवस्था आइपर्न सक्छ।

**कुम्भ** : समय र स्वास्थ्य राम्रो रहनेछ। कानुनी क्रियाकलापमा विजय प्राप्त हुनेछ। धार्मिक यात्रा फलदायी हुनेछ।

**मीन** : सम्बन्ध सुदृढ बन्नेछ तथा व्यापार र व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# मधेशमा 'अकाल' मृत्युको कारक बन्दै छ मोटरसाइकल दुर्घटना, ज्यान गुमाउनेमा युवा उमेरका बढी

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २६ गते**



मधेशमा सडक दुर्घटनाको सबैभन्दा ठुलो जोखिम मोटरसाइकल बनेको देखिएको छ। कुल सवारी दुर्घटनामध्ये झन्डै दुई तिहाइ मोटरसाइकल दुर्घटना नै हुने गरेका प्रहरीको तथ्यांकले देखाउँछ।

चालु आव २०८२/८३ को चैत मसान्तसम्म ८६२४ वटा सवारी साधन दुर्घटनामध्ये ५९७५ वटा मोटरसाइकल रहेका छन्।

मधेश प्रहरीका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक कमल थापाका अनुसार चैत मसान्तसम्म मधेशका जिल्लामध्ये धनुषामा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएको छ। धनुषामा १०४८ वटा मोटरसाइकल दुर्घटना भएको तथ्यांक छ। सवारी दुर्घटनामा परी ३९८ जनाको मृत्यु भएको छ भने १४०९ जना गम्भीर घाइते र ८३२९ जना सामान्य घाइते भएका छन्। तथ्यांकअनुसार सवारी दुर्घटनामा मृत्यु हुनेमध्ये अधिकांश मोटरसाइकल दुर्घटनामा परेका व्यक्तिहरू नै रहेका छन्।

चालु आवको चैत मसान्तसम्म अन्य जिल्लामध्ये सप्तरीमा २९४, सिरहामा ७४०, महोत्तरीमा ५६८, सर्लाहीमा ९९४, रौतहटमा ८२१, बारामा ८४२ र पर्सामा ७१८ मोटरसाइकल दुर्घटना भएका छन्।

गत आर्थिक वर्ष २०८१/८२ मा १०६७९ वटा सवारी साधन दुर्घटनामा परेकोमा ७२०१ वटा मोटरसाइकल नै रहेका थिए भने आव २०८०/८१ मा ८५२९ वटा सवारी साधन दुर्घटनामा परेकोमा ५९२६ वटा मोटरसाइकल दुर्घटना भएको प्रहरीले जनाएको छ।

आव २०७९/८० मा ८३७६ वटा सवारी साधन दुर्घटनामा परेकोमा ५७४५ वटा मोटरसाइकल रहेका छन्। त्यस्तै आव २०७८/७९ मा ८३०२ वटा सवारी साधन दुर्घटनामध्ये ५४१८ वटा मोटरसाइकल थिए। आव २०७७/७८ मा ५८११ वटा सवारी साधन दुर्घटनामा परेकोमा ३७३७ वटा मोटरसाइकल रहेका थिए।

यी पाँचवटै आवमा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना धनुषा जिल्लामै भएको देखिएको छ। तथ्यांकअनुसार धनुषामा २०८१/८२ मा ११८७, २०८०/८१ मा १०८२, २०७९/८० मा ९५८ र २०७८/७९ मा ९०२ मोटरसाइकल दुर्घटना भएको देखिन्छ।

प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी गोविन्द थपलियाका अनुसार मोटरसाइकल दुर्घटना बढ्नुको प्रमुख कारण तीव्र गति, लाइसेन्स नभएका युवाहरूले चलाउनु तथा लागूऔषध र मादक पदार्थ सेवन गरी चलाउनु हो। उनले उमेर नपुगेका र लाइसेन्स नभएका युवाहरूले तीव्र गतिमा चलाउँदा तथा लागूऔषध र मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा अनियन्त्रित भई अन्य सवारीको तुलनामा मोटरसाइकल दुर्घटना बढी हुने गरेको बताए।

सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले समयसमयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। दुर्घटनाको प्रमुख कारणमध्ये लागू पदार्थ सेवन न्यूनीकरणका लागि प्रदेशका सबै जिल्लामा सेवनकर्तालाई सुधार र पुनःस्थापनामा ल्याउने लक्ष्यसहित प्रदेश प्रहरी कार्यालयले 'लागूऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान २०८३' वैशाख २५ गते शुक्रबार नगराइन नगरपालिकाबाट गृह तथा सञ्चारमन्त्री फकिरा महतोको प्रमुख आतिथ्यमा सुरु गरेको छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराका ट्राफिक प्रहरी उपरीक्षक राजकुमार सिलवालका अनुसार मोटरसाइकल दुर्घटना बढी हुनुको मुख्य कारण तीव्र गति हो। उनका अनुसार लागूऔषध र मादक पदार्थ सेवन गरी आफूलाई बढी स्मार्ट देखाउने उद्देश्यले तीव्र गतिमा मोटरसाइकल चलाउँदा दुर्घटना बढ्ने गरेको छ। यसमा अधिकांश उमेर नपुगेका तथा २५र३० वर्ष उमेर समूहका युवाहरू बढी संलग्न हुने गरेका छन्।

यही वैशाख महिनाभित्र पनि विभिन्न ठाउँमा मोटरसाइकल दुर्घटनाका घटना भएका छन्। वैशाख १२ गते धनुषाको गणेशमान चारनाथ नगरपालिका-४ स्थित पूर्वपश्चिम राजमार्गमा भएको मोटरसाइकल दुर्घटनामा महोत्तरीको पिपरा गाउँपालिका-७ निवासी २१ वर्षीय अतुल चौधरीको मृत्यु भएको थियो। प्रहरीका अनुसार चितवनबाट पूर्व गाईघाटतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ ख १०११ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको मधेस प्रदेश ०२-०१० प १२३७ नम्बरको मोटरसाइकल आपसमा ठोक्किँदा दुर्घटना भएको थियो।
वैशाख ८ गते धनुषाको ढल्केबरमा मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु हुनुका साथै शिशुसहित ३ जना घाइते भएका थिए। धनुषा प्रहरीले जनाएको अनुसार मिथिला नगरपालिका-६ ढल्केबरकी ३१ वर्षीया विनिता कुमारी महतोको मृत्यु भएको थियो भने दुर्घटनामा १६ वर्षीया अनुष्का कुमारी महतो र आठ महिनाकी बालिका घाइते भएका थिए।

वैशाख १६ गते पथलैया-वीरगञ्ज सडकखण्डअन्तर्गत डाबर नेपाल अगाडि मोटरसाइकल दुर्घटनामा परी पर्साको पोखरिया नगरपालिका वडा नं ३ बसन्तपुरका राम चमारको मृत्यु भएको थियो। प्रहरीका अनुसार वीरगञ्जबाट नारायणघाटतर्फ जाँदै गरेको ना २७ प ३०२१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडक छेउको रेलिङमा ठोक्किएर दुर्घटना भएको थियो।

वैशाख २५ गते लक्ष्मीनिया गाउँपालिका-४ सपही, जनकपुर-ढल्केबर सडकखण्डमा ढल्केबरबाट जनकपुरतर्फ आउँदै गरेको बाप्र ०१-०३१ च ९०६३ नम्बरको स्कर्पियो गाडीले बाटो काट्ने क्रममा सपहीकी ३० वर्षीया पुनमदेवी साह सवार स्कुटीलाई ठक्कर दिँदा उनी गम्भीर घाइते भएकी थिइन्। उपचारका क्रममा प्रादेशिक अस्पताल जनकपुरधाममा उनको मृत्यु भएको थियो।

यी घटनामा मोटरसाइकल दुर्घटनाको प्रमुख कारण तीव्र गति रहेको र दुर्घटनामा पर्ने अधिकांश युवा वर्ग नै रहेको देखिन्छ। प्रहरीको तथ्यांकअनुसार पनि मोटरसाइकल दुर्घटनामा पर्ने अधिकांश युवा नै हुने गरेका छन्। तीमध्ये धेरैजसो लाइसेन्स नभएका हुने ट्राफिक व्यवस्थापनका प्रवक्ता वकिलबहादुर सिंहले बताए।

मोटरसाइकल दुर्घटना न्यूनीकरण प्रभावकारी नहुनुको प्रमुख कारण सरकार न्यूनीकरणतर्फ नलागी राजस्व सङ्कलनमा केन्द्रित हुनु, ठोस कानुनको अभाव तथा सामाजिक व्यवहारिकता रहेको जनकपुरधाम उपमहानगरपालिका-२३ का स्थानीय अभी ठाकुरले बताए। ठाकुरका अनुसार सरकारले राजस्व सङ्कलनका लागि मोटरसाइकल बढीभन्दा बढी बिक्री गर्न दिने तर लाइसेन्स सीमित

बाँकी पृष्ठ ४ ▸▸

# वन्यजन्तु र मानवबीच द्वन्द्व बढ्दै, करिब ६ वर्षमा जनावरको आक्रमणबाट ३०९ जनाको मृत्यु

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २६ गते**



धनुषाको मिथिला नगरपालिका क्षेत्रमा करिब तीन महिनादेखि विभिन्न स्थानमा देखापरेको चितुवालाई गत बुधबार उद्धार गरिएको थियो।

मिथिला नगरपालिका-७, केमलीपुरमा निलगाई रोकथामका लागि लगाइएको तारजालीमा चितुवा फसेको थियो। सोही क्रममा फँसेको चितुवा हेर्न गएका ४८ वर्षीय किर्तिमान विक चितुवाको आक्रमणमा परी घाइते भएका थिए।

मिथिला वाईल्ड लाइट ट्रष्टका अनुसार मिथिला नगरपालिकाको चुरे क्षेत्रमा सन २०१७ मा पहिलो पटक क्यामेरा ट्रैपमा एउटा चितुवा रेकर्ड भएको थियो। त्यसपछि सन २०१९, २०२१, २०२३ हुँदै हाल आएर एउटा चितुवा सोही क्षेत्रमा करिब ३ महिना देखी फरक फरक मितिमा वरिपरिको गाऊँमा निरन्तर रुपमा बाख्राको शिकार गर्न थालेको थियो।

बैशाख १३ गते सप्तरीमा जंगली हात्तीको आक्रमणबाट एकजनाको मृत्यु भएको थियो। अग्नीसाइर कृष्णासवरन गाउँपालिका-६, मोहनपुरमा स्थानीय ६६ वर्षीय यज्ञश्वर निरौलाको हात्तीको आक्रमणबाट मृत्यु भएको थियो। रातिको समयमा आफ्नै बारीमा मकै कुरेर बसेका बेला राति हात्तीले आक्रमण गर्दा उनको घटनास्थलमै मृत्यु भएको थियो।

सोही साँझ सर्लाहीमा बँदेलको आक्रमणबाट एक पुरुषको मृत्यु भयो। चुरेपाखामा पर्ने लालबन्दी नगरपालिका-१५, झरझरा पिडखोल्सीमा बँदेलको आक्रमणबाट ३२ वर्षीय प्रेमबहादुर थिङको बँदेलको आक्रमणबाट मृत्यु भयो। मकै बारीमा आउने बँदेल धपाउन बसेका थिङले अन्य केही मानिससँग मिलेर मकै बारी खान आउँदा लखेटेको बँदेलले आक्रमण गर्दा घाइते भएकोमा उपचारका लागि लालबन्दी बजारतर्फ ल्याउनेक्रममा बाटोमै मृत्यु भएको थियो।

पछिल्ला समय मधेश प्रदेशसहित देशभर वन्यजन्तु र मानवद्वन्द बढ्दै गएको छ। वन विनास, वन क्षेत्रमा मानव वस्ती विस्तार हुँदा जंगली जनावर ग्रामिण भेगमा छिर्न थालेको छ भने मानिसमाथि आक्रमण गर्न सुरु गरेको हो।

नेपाल प्रहरीको तथ्यांक अनुसार मधेस प्रदेशमा चालु आर्थिक वर्ष २०८२।८३ को चैत मसान्तसम्ममा जनावरको आक्रमणबाट १३१ जना घाइते भएका छन् भने ७ जनाले आफ्नो ज्यान गुमाएका छन्।

देशभरमा जनावरले आक्रमण गरेको ४९७ वटा घटना हुँदा ५५ जनाले आफ्नो ज्यान गुमाएका छन् भने ४४१ जना घाइते भएका छन्।

बाँकी पृष्ठ ४ ▸▸

## छोटी भन्सार बन्द गर्ने निर्णयविरुद्ध आन्दोलन ............

उनले राजस्व संकलन राज्यको प्रमुख आम्दानीको स्रोत भएकाले कानुनअनुसार व्यवस्थित भन्सार सञ्चालन गर्नु सरकारको दायित्व भएको बताए। "जनतालाई आवश्यक सेवा सुविधा उपलब्ध गराउनु राज्यको जिम्मेवारी हो," उनले भने, "तर अहिले सेवा विस्तार गर्नुपर्ने समयमा उल्टै सेवा कटौती गरेर जनतालाई दण्ड दिने काम भइरहेको छ।"

सांसद यादवले बरियारपट्टीलाई तीव्र रूपमा विकास भइरहेको व्यापारिक केन्द्रका रूपमा उल्लेख गर्दै उचित व्यवस्थापन र पूर्वाधार विकास गरिएको भए यो नाका अन्य सीमावर्ती नाकाभन्दा ठूलो राजस्व केन्द्र बन्न सक्ने दाबी गरे। उनले भन्सार बन्द गर्ने निर्णयलाई "राजनीतिक प्रतिशोध र गलत नीति" को संज्ञा दिँदै सरकारले नीतिगत भ्रष्टाचार गर्न खोजेको आरोपसमेत लगाए।

"सिरहावासीले यस्तो निर्णय कहिल्यै स्वीकार गर्दैनन्," उनले चेतावनी दिए, "आन्दोलनलाई अझ सशक्त बनाएर अगाडि बढाउन आवश्यक छ।"

आन्दोलनकारीहरूले यसअघि बिहीबार बिहान करिब पाँच घण्टा हुलाकी मार्ग अवरुद्ध गरेका थिए। त्यसपछि जिल्ला प्रशासन कार्यालय सिरहामा पुगेर ज्ञापनपत्रसमेत बुझाइएको थियो। शुक्रबार पनि बजार बन्द र सडक जाम गरेर आन्दोलनलाई निरन्तरता दिइएको स्थानीय मुकेश यादवले जानकारी दिए।

उनका अनुसार आन्दोलनका कार्यक्रम अझ कडा बनाइने भएका छन्। "वैशाख २७ गते दिनभर बजार बन्द र साँझ मसाल जुलुस निकालिनेछ," उनले भने, "यदि सरकारले निर्णय फिर्ता लिएन भने वैशाख २८ गतेदेखि अनिश्चितकालीन आमहड्तालको तयारीका लागि बृहत् छलफल गरिनेछ।"

शनिबार बिहानदेखि नै बरियारपट्टी गाउँपालिका-३ स्थित बरियारपट्टी चोकमा प्रदर्शनकारीहरूले सडकको बीचभागमा बेन्च राखेर हुलाकी मार्ग अवरुद्ध गरेका छन्। सडक अवरुद्ध हुँदा पूर्व-पश्चिम आवागमन प्रभावित बनेको छ। भारतबाट नेपालतर्फ आउने तथा नेपालबाट भारततर्फ जाने यात्रुहरूले घण्टौंसम्म सास्ती खेप्नु परेको छ।

स्थानीय व्यापारीहरूले भन्सार कार्यालय बन्द हुँदा तस्करी बढ्ने, वैध व्यापार घट्ने तथा स्थानीय अर्थतन्त्र कमजोर हुने चिन्ता व्यक्त गरेका छन्। उनीहरूका अनुसार बरियारपट्टी नाका सीमावर्ती क्षेत्रका लागि महत्वपूर्ण आर्थिक केन्द्रका रूपमा विकसित हुँदै गएको थियो।

सरकारले भने भन्सार पुनर्संरचना तथा प्रशासनिक व्यवस्थापनअन्तर्गत केही छोटी भन्सार कार्यालय समायोजन गरिएको जनाएको छ। तर स्थानीयस्तरमा भने उक्त निर्णयलाई विकासविरोधी कदमका रूपमा हेरिएको छ।

बरियारपट्टी छोटी भन्सार बन्दको निर्णयसँगै सीमावर्ती क्षेत्रका नागरिकमा असन्तुष्टि बढ्दै गएको छ। आन्दोलन थप चर्किने संकेत देखिएकाले स्थानीय प्रशासनसमेत सतर्क बनेको छ। आन्दोलनकारीहरूले माग पूरा नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिएका छन्।

## सरकारको नियत र कार्यमा सामञ्जस्यता ...........

हिसाबले हेरेका छन्। इयान मार्टिन मिसनले माओवादी लडाकुको संख्या र त्योसँग जोडिएको हैसियतलाई निकै बढायो। नेपाली सेनाको हैसियतलाई अवमूल्यन र अपमानित गर्‍यो। नेपाली सेना अन्य राष्ट्रिय संस्थाजसरी नै पीडित बनाइनु र जनताको भरोसा उसमाथि बढ्नुको मुख्य कारण त्यही हो।

सम्झौता भएको दुई वर्षमा पूरा हुनुपर्ने बृहत् शान्ति-सम्झौताअन्तर्गत मानवअधिकार उल्लंघन, बेपत्तासम्बन्धी छानबिन र सत्यनिरुपण तथा मेलमिलाप आयोगलाई वर्तमान सरकारले खारेज गरेको छ। अहिलसम्म माओवादी शीर्ष नेताहरू छानबिनमा नपरुन् भन्ने अघोषित समझदारी सबै ठूला दलमा थियो। बालेन सरकारले दुवै आयोग खारेज गरेको छ। ऊ अगाडि कसरी बढ्छ त्यो एउटा पक्ष हो। तर, शान्ति प्रक्रिया र राजनीतिक परिवर्तनमा निषेधित पक्षलाई बाहिर राखेर न विदेशी हस्तक्षेप न त राष्ट्रियता र प्रजातन्त्र सुदृढ हुन सक्छ।

एक्लै अघि बढेर द्वन्द्वको निरन्तरता र निषेधको राजनीतिजस्ता १२- बुँदेसँग जोडिएको राजनीतिक परिवर्तन, शान्ति प्रक्रिया र गणतन्त्रबारे स्पष्ट मान्यता र 'कोर्स करेक्सन' को मार्गमा जान चाहन्छ भने त्यसमा उसको एजेन्डाले आमसमर्थन पाउनेछ। तर, षड्यन्त्रको शैली र मौनता अपनाएर जनसमर्थन या अनुमोदन पाउन सकिन्न।

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

# प्रधानन्यायाधीश सिफारिस कार्यक्षमताका आधारमा गरिएको हो: उपसभामुख ठाकुर



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २६ गते**

उपसभामुख रुबी कुमारी ठाकुरले प्रधानन्यायाधीश सिफारिस कार्यक्षमताका आधारमा गरिएको प्रष्टीकरण दिएकी छन्।

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)को जोडबलमा संवैधानिक परिषद्ले प्रधानन्यायाधीश नियुक्ति प्रक्रियामा वरिष्ठताको स्थापित रोलक्रम मिचेको भन्दै आलोचना भइरहेको बेला परिषद् सदस्यसमेत रहेकी ठाकुरले रोलक्रम नमिचिएको दाबी गरेकी हुन्।

शनिबार फेसबुकमार्फत प्रतिक्रिया दिँदै उनले यसमा कुनै किन्तु-परन्तुको आवश्यकता नभएको बताएकी छन्।

'न्याय प्रणालीबारे धेरै समयदेखि जनता गुनासो गर्दै आइरहेका छन्, 'हाम्रो मुद्दा यति वर्ष लगाइयो, उति वर्ष लगाइयो' भनेर, उनले लेखेकी छन्, 'एउटा मुद्दाको फैसला हुन अत्यधिक समय लाग्नु न्याय प्रणालीका लागि गम्भीर विषय हो । जब नियुक्ति कार्यक्षमता र योग्यताको आधारमा नभई दल वा पार्टीको आधारमा हुन्छ, त्यसको परिणाम पनि त्यस्तै देखिन थाल्छ।'

प्रधानन्यायाधीश नियुक्ति कार्यक्षमता मूल्यांकनका आधारमा गरिएको भन्दै उनले यसमा कुनै किन्तु-परन्तुको आवश्यकता नै नभएको प्रतिक्रिया दिएकी छन्।

'राज्यका हरेक अंग देश, जनता र राज्यको हितका लागि हुनुपर्छ। यहाँ कसैको आदेश-उपदेशभन्दा पनि संविधान, कानुन र जनहित सर्वोपरि हुन आवश्यक छ,' उनले भनेकी छन्, 'निष्पक्ष, सक्षम र जिम्मेवार न्याय प्रणाली नै लोकतन्त्रको वास्तविक आधार हो। साथ, सहयोग र समर्थनका लागि सम्पूर्णमा धेरै-धेरै धन्यवाद।'

ठाकुर श्रम संस्कृति पार्टीबाट उपसभामुख बनेकी हुन्।

सो पार्टीका अध्यक्ष हर्क साम्पाङ्ले संसद् छलेर राष्ट्र प्रमुखलाई दबाब दिँदै संवैधानिक परिषद् सम्बन्धि अध्यादेश जारी गराउनु र चौथो वरियताका न्यायाधीशलाई प्रधान न्यायाधीश नियुक्त गर्नु गतल भएको बताएका छन्।

शुक्रबार आपत्ति पत्र सार्वजनिक गर्दै उनले प्रधानमन्त्री बालेन नेतृत्वको सरकारले चालेका दुवै कदमको घोर विरोध गरेका छन्।

जसमा श्रम संस्कृति पार्टीबाटै उपसभामुख बनेकी रुवीकुमारी ठाकुरले पनि शर्माको नियुक्तिमा सहमति जनाएको असन्तुष्टि पोखेका छन्।

# स्वास्थ्यमन्त्रीको राजीनामा माग्दै जनकपुरधाममा प्रदर्शन, दरबन्दीमा विभेद गरेको गुनासो

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २६ गते**

स्वास्थ्यमन्त्री निशा मेहताको राजीनामा माग गर्दै जनकपुरधाममा स्वास्थ्यकर्मीहरुले विरोध प्रदर्शन गरेका छन्।

शनिबार धनुषाका विभिन्न निजी तथा सरकारी अस्पतालहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु (हेल्थ ऐसिस्टेन्ट, अनमी, ल्याब ऐसिस्टेन्ट)ले मन्त्री मेहताविरुद्ध प्रदर्शन गरेका हुन्।

उनीहरुले 'स्वास्थ्यमन्त्री मुर्दावाद', 'निशा मेहता राजीनामा दे', 'हेपाई होइन अधिकार चाहिन्छ', 'स्वास्थ्य क्षेत्रको विभेद बन्द गर', 'स्वास्थ्यकर्मीको अपमान बन्द गर'लगायतका नारा लगाउँदै जनकपुरधामको विभिन्न चोकमा विरोध ¥याली निकाले।

सरकारले दुई दिन अघि मात्र स्वास्थ्य क्षेत्रमा भारी मात्रामा दरबन्दी आह्वान गरेकोमा हेल्थ ऐसिस्टेन्टलगायत पदमा कुनै दरबन्दी नखुलाएकोमा असन्तुष्टि जनाएका छन्।



३५ वर्षपछि स्वास्थ्य क्षेत्रमा खुलाइएको दरबन्दीमा हेल्थ ऐसिस्टेन्ट, ल्याब, रेडियो, सिएमएलगायत पदमा शून्य दरबन्दी आह्वान गर्नु भनेको स्वास्थ्यमन्त्री मेहताले आफूहरुमाथि विभेद गरेको स्वास्थ्यकर्मी नवेश अधिकारीले बताए।

उनले देशमै नर्सिङ र डाक्टरबाहेक अन्य पदमा दरबन्दी नखुलाउनाले देशमा स्वास्थ्यकर्मीहरुको आवश्यकता छ कि छैन भनेर प्रश्न गरे।

स्वास्थ्यकर्मी अधिकारीका अनुसार देशमा प्रत्येक वर्ष ५३०० भन्दा बढी स्वास्थ्यकर्मीहरु उत्पादन हुन्छन तर दरबन्दी भने एउटाको पनि हुँदैन । दरबन्दी आह्वान नै नगर्ने हो भने उक्त विषयको पढाई नै बन्द गर्नु बेस हुने स्वास्थ्यकर्मी अधिकारीको भनाइ छ।

सरकारले दुई दिन भित्र दरबन्दी आह्वान नसच्च्याए, २८ गत्ते सोमबार काठमान्डौमा विशाल प्रदर्शन गर्ने उनले चेतावनी दिए । स्वास्थ्यमन्त्री मेहताले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने अधिकारीको भनाई छ । मन्त्री मेहताले मेडिकल माफियाहरुको चाकरी गर्ने गरेको अधिकारीको आरोप छ।

# शिक्षालाई समुदायसँग जोडिरहेको सगरमाथा

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २६ गते**

मिर्चैयामा अवस्थित सगरमाथा उच्च माध्यमिक विद्यालयको हल शनिबार बिहान मानिसहरूले भरिएको थियो। जसमा विद्यार्थीभन्दा धेरै अभिभावक थिए । किनकि, यो कार्यक्रम नै अभिभावक र समुदायका व्यक्तिहरूलाई लक्षित गरी आयोजना गरिएको थियो।

कार्यक्रमको नाम थियो - सामुदायिक स्वास्थ्य तथा वेलनेस प्रेरणादायी कक्षा । अर्थात्, अहिलेको



आधुनिक युगमा व्यस्तताका बावजुद पनि जीनव र स्वास्थ्यलाई कसरी व्यवस्थित एवं सन्तुलित बनाउने सम्बन्धि कार्यक्रम । यो कार्यक्रममा खासगरी योगका माध्यमले सहभागीहरूलाई स्वास्थ्य सचेतना दिइएको हो।

कार्यक्रममा योग गुरु डा. लोभ अवस्थीले सहभागीहरू योग र ध्यान सिकाए । अधिकांश अभिभावक सहभागी रहेको यो कार्यक्रममा कक्षा ११ देखि स्नातक तहसम्मका विद्यार्थीलाई पनि बोलाइएको थियो। सगरमाथाले यसरी खासगरी अभिभावकलाई नै लक्षित गरेर गरेको यो कार्यक्रम पहिलो भने होइन।

एक वर्षदेखि सगरमाथाले शिक्षालाई समुदायसँग जोड्ने उद्देश्यले यस्ता कार्यक्रम निरन्तर रूपमा गर्दै आएको छ । 'यसअघिसम्म हामीले राम्रो विद्यार्थी उत्पादनका लागि विद्यार्थी, अभिभावक र विद्यालयको मात्रै भूमिका हुन्छ भनेर सोच्थ्यौं,' सगरमाथाका सञ्चालक प्रदीपकुमार तिवारीले भने, 'तर, यसरी मात्रै हुन्न भनेर हामीले महसुस गर्‍यौं, शिक्षालाई राम्रो बनाउन समाजमा राम्रो वातावरण पनि चाहिन्छ, यसका लागि सिंगो समुदायलाई शिक्षासँग जोड्नुपर्छ भन्ने निधो गर्‍यौं।'

यस्ता सचेतनात्म र प्रेरणात्मक कार्यक्रमले समुदायका मानिसको जीवन, शरीर र मानसिक स्वास्थ्यलाई सन्तुलनमा राख्ने र यसैगरी अनुशासित तथा सकारात्मक सोंच भएको समाज निर्माण हुने तिवारीले बताए। 'अहिले व्यस्तताको चक्करमा मान्छे आधारभूत आवश्यकताबाट टाढा छन्,' उनले भने, 'यस्ता कार्यक्रमले समुदायका मानिसको शारीरिक र मानसिक स्वास्थ्यलाई मात्र सन्तुलनमा राख्दैन, यसले समाजलाई अनुशासित र सकारात्मक दिशातर्फ डोर्‍याउँछ।'

## मधेशमा 'अकाल' मृत्युको कारक बन्दै छ मोटरसाइकल .............

सङ्ख्यामा मात्रै वितरण गर्ने गरेको छ। यसबाट सरकारलाई मोटरसाइकल बिक्री र लाइसेन्स नभएका कारण लाग्ने जरिवाना दुवैबाट राजस्व उठाउने अवसर मिलेको छ।

जलेश्वर नगरपालिका-४ की सुनेना यादवका अनुसार लाइसेन्स नभएको व्यक्तिले दुर्घटना गरेको वा ट्राफिक नियम उल्लङ्घन गरेको अवस्थामा तथा लापसे वा मापसे गरेको अवस्थामा पनि ठोस कारबाही नगरी जरिवाना मात्रै लिएर छाड्ने गरिएकोले चालकहरूको मनोबल बढ्दै दुर्घटना बढिरहेको छ।

ट्राफिक कार्यालय धनुषाका प्रहरी निरीक्षक सूर्यबहादुर शाहीका अनुसार मोटरसाइकल दुर्घटना न्यूनीकरणका लागि विद्यालय तथा सडकहरूमा सचेतना अभियान जारी रहेको छ । लाइसेन्स नभएका, लापसे मापसे गरी तथा तीव्र गतिमा मोटरसाइकल चलाउने चालकसँग जरिवाना लिएर मात्रै छोड्ने गरिएको उनले स्वीकार गरे।

उनका अनुसार लाइसेन्स नभएका चालकलाई जरिवानाबाहेक अन्य कारबाहीको व्यवस्था छैन । यद्यपि सवारीधनीलाई सचेत गराउने तथा दुर्घटना भएका अवस्थामा कारबाहीको व्यवस्था रहेको छ । लापसे मापसे गरेको अवस्थामा जरिवाना वा सुधार केन्द्रमा पठाउने कानुनी व्यवस्था भए पनि न्यून कारबाहीका कारण मोटरसाइकल दुर्घटना बढ्दै गएको देखिएको छ।

गम्भीर रूप लिएको मोटरसाइकल दुर्घटना न्यूनीकरणका लागि मोटरसाइकल बिक्रीको सङ्ख्याको आधारमा लाइसेन्स वितरण, उमेर नपुगेका वा लाइसेन्स नभएका अवस्थामा सवारीधनीलाई कारबाही, र लापसे मापसे गर्ने चालकलाई कडा कानुनी कारबाहीको आवश्यकता देखिएको छ।

## 'मलाई होइन, अब बालेनकी .............

श्रीमती सविना काफ्लेलाई 'आमा' भन्न आग्रह गरिन्।

उनले भनिन्, 'अब बालेनको श्रीमतीलाई आमा भन।' त्यसपछि सञ्चारकर्मी साहले 'तपाईं देशकै आमा हो' भन्न खोज्दा कार्की 'होइन, होइन' भन्दै त्यहाँबाट अघि बढेकी थिइन्।

साहले आफ्नो फेसबुक पेजमार्फत सार्वजनिक गरेको उक्त भिडियो अहिले सामाजिक सञ्जालमा व्यापक रूपमा भाइरल भइरहेको छ।

## सरकारले सोमबारदेखि देशभर ..............

गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री कार्यालय र स्थानीय तहलाई निर्देशन दिइसकिएको प्रधानमन्त्रीका प्रेसविज्ञ दाहालले जानकारी दिइन्।

**कसले के जिम्मेवारी निभाउने ?**

प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवा प्रदायकहरूलाई अनिवार्य रूपमा मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्नेछन्।

यस्तै, जिल्ला प्रशासन कार्यालयलाई जिल्ला तहमा बजार अनुगमन समितिलाई सक्रिय बनाउँदै मूल्य पारदर्शिताका लागि व्यापक प्रचारप्रसार गर्ने र नियमन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ।

केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्यांकन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउनेछन्।

**अभियानको आवश्यकता ?**

बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता नहुँदा र उपभोक्ताहरूले वास्तविक मूल्य थाहा नपाउँदा ठगिनेक्रम बढेको विषयमा गुनासा बढेपछि सरकारले अभियान सञ्चालन गर्न लागेको हो।

बजारमा उपलब्ध हुने हरेक वस्तु तथा सेवाको मूल्यमा स्पष्टता र पारदर्शिता ल्याउन, व्यापारी र सेवा प्रदायकलाई जवाफदेही बनाउन, अनिवार्य मूल्यसूचीको व्यवस्था लागू गर्न र अनुगमन प्रणालीलाई चुस्त बनाउँदै दोषीमाथि तत्काल कारबाही सुनिश्चित गर्न यो अभियान सुरु गर्न लागिएको जनाइएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका

## वन्यजन्तु र मानवबीच द्वन्द्व बढ्दै .............

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायव महानिरीक्षक अविनारायण काफ्लेका अनुसार चालु आवको ९ महिनामा जनावरको आक्रमणपछि १ जना बेपत्ता भएका छन् भने ५ जना विस्थापित समेत भएका छन्।

उनका अनुसार चालु आवको चैत मसान्तसम्ममा कोशी प्रदेशमा सबैभन्दा बढी जनावरको आक्रमण भएको छ । यहाँ १६५ वटा यस्ता घटना हुँदा १२ जनाले आफ्नो ज्यान गुमाएका छन् भने ६८ जना घाइते भएका छन् । लुम्बिनी प्रदेशमा ६९ वटा जनावर आक्रमणको घटना हुँदा १९ जनाले आफ्नो ज्यान गुमाएका छन् भने ५७ जना घाइते भएका छन्।

यस अवधिमा एकजना बेपत्ता समेत भएका छन् । यस्तै, बाग्मती प्रदेश र सुदूरपश्चिम प्रदेशमा ६।६ जनाले जनावरको आक्रमणबाट ज्यान गुमाएका छन् । कर्णाली प्रदेशमा ५ जनाले आफ्नो ज्यान गुमाएका छन् भने ३८ जना घाइते भएको छन्।

प्रहरीको तथ्यांक अनुसार पछिल्लो वर्षमा जनावरको आक्रमणको घटना निरन्तर बढ्दै गएको छ। आर्थिक वर्ष २०७७।७८ मा देशभर जनावरको आक्रमणको घटना २७८ वटा मात्र घटेकोमा २०७८।७९ मा त्यो बढेर २९२ पुगेको थियो । यस्तै, आव २०७९।८० मा ३४२, आव २०८०।८१ मा ४६१, आव २०८१।८२ मा ६३२ वटा जनावर आक्रमणको घटना घटेको हो।

केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेका अनुसार २०७७।७८ देखि चालु आवको चैत मसान्तसम्ममा देशभर २ हजार ५०२ वटा जनावर आक्रमणको घटना हुँदा ३०९ जनाले आफ्नो ज्यान गुमाएका छन् भने १ हजार ९०५ जना घाइते भएका छन् । यस्तै, २ जना बेपत्ता र ६ जना विस्थापित भएका छन्।